कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

## नदिजन्य पदार्थ संकलन र बिक्री तथा उक्त क्षेत्रमा लगाईने सडक सुधार शुल्क सम्बन्धी बोलपत्र आव्हानको संसोधित सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६/०५/१३
संशोधित सूचना प्रकाशित मिति: २०७६/०५/२३

यस कनकाई नगरपालिका द्वारा मिति २०७६/०५/१३ गते अन्नपुर्ण दैनिकमा प्रकासित सुचनामा ३१ दिने शिलबन्दि बोलपत्र आह्वानको सूचना प्रकासित गरिएकोमा अन्यथा हुन गएकोले सूचान संसोधन गरिएको व्यहोरा सर्वसाधारण सवैको जानकारीका लागि प्रकाशित गरिएको छ।प्रथम पटक सूचना प्रकाशन भएको मितिले तपशिल बमोजिम तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म तथा कम्पनीहरुले ठेक्का सम्बन्धी कागजात खरिद गरी देहायको मिति समय र स्थानमा शिलबन्दि बोलपत्र पेश गर्नु हुन अनुरोध छ ।

*तपशिल*

| ठे.नं. | विवरण | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक भ्याट सहित | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम विक्रि हुने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति, समय | बोल पत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | Kanakai /IR/01/076-77 | कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र(विरिङ् खोला) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदिजन्य सामाग्री (पदार्थ) संकलन तथा विक्री | १,१६,९७,२३२।- (अक्षरुपी एक करोड सोह्र लाख सन्तानब्बे हजार दुई सय बत्तिसरुपैयाँ मात्र) | ३०००।- | २०७६/०६/१२ कार्यालय समय भित्र | २०७६/०६/१३ दिनको १:०० बजे सम्म | २०७६/०६/१३ दिनको ३:०० बजे |
| २. | Kanakai /IR/02/076-77 | विरिङ्ग खोला क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमानै लिईने सडक सुधार शुल्क | ४५,५६,१६०।– (अक्षरुपी पैतालिस लाख छपन्न हजार एक सय साठ्रिरुपैयाँमात्र) | ३०००।- | २०७६/०६/१२ कार्यालय समय भित्र | २०७६/०६/१३ दिनको १:०० बजे सम्म | २०७६/०६/१३ दिनको ३:०० बजे |

नोट:-ठेक्का सम्बन्धी विस्तृत विवरण तथा अन्य शर्तहरु नगरपालिकाको सूचनापाटीमा वा नगरपालिकाको वेभसाईट www.kankaimun.gov.np मा जानकारी पाउन सकिने छ। तहाँ उल्लेख भएका शर्तहरु पनि यसै सूचनाको अंग मानिने छ। अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु:

१. योग्य बोलपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीका लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, कनकाई नगरकार्यापालिको कार्यालय जामुनवारी झापामा सम्पर्क राख्न सकिनेछ।

२. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु कनकाई नगरपालिकावाट लिखित निवेदन पेश गरी मिति २०७६/०६/१२ गते कार्यालय समय भित्रमा प्राप्त गर्न सक्नेछन। यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, आर्थिक वार्ष २०७४/०७५ को करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु. ३०००।- (फिर्ता नहुने) गरी पेश गर्नुपर्नेछ।

३. शिलबन्दी मार्फत बोलपत्र दाखिला गर्ने कम्पनी/फर्म/व्याक्ति नेपाली भएमा कबलो अंकको ५ प्रतिसत र बिदेशी भए १० प्रतिसत धरौटी यस कार्यालयको नाममा नेपाल बैक लिमिटेड सुरुङ्गामा रहेको धरौटी खाता न. १४७०३००००००००३००००२ मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ।

४. शिलबन्दी गरिएको बोलपत्रहरु सूचनामा उल्लेखित समय र मितिमा बुझाई सक्नुपर्नेछ। ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिनेछैन।

५. तोकिएको समय भित्रमा पेश भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोवरमा कनकाई नगरपालिकाको कार्यालयमा मिति २०७६/६/१३ गते दिनको ३ बजे खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन।

६. बोलपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ। तर बोलपत्र खरिद गर्ने अन्तिम मितिमा सार्वजानिक विदा पर्न गए पनि सोही मितिलाईनै कायम गरिनेछ। (बोल पत्र खरिदको मिति थप गरिनेछैन)

७. कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अश्वीकार गर्ने सम्पुर्ण अधिकार यस कनकाई नगरपालिकाको कार्यालयमा निहित रहनेछ।

८. बोलपत्र फारम जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नुपर्नेछ।

९. बोलपत्र फारम भर्दा आफुले कवोल गरेको अंक र अक्षर दुबै प्रस्ट हुने गरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्ने गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

१०. बोलपत्र स्वीकृत भएपछी सूचना जारी भएको मितिले ७ दिन भित्रमा सम्झौता गर्न यस कार्यालयमा आउनुपर्नेछ। मनासिव कारणबाहेक सो अवधी भित्र सम्झौता गरी ठेक्का पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी कालो सूचीमा राखिनेछ।

११. ठेक्का स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अंकमा १० प्रतिसत छुट दिईनेछ। किस्ताबन्दी रुपमा रकम बुझाउदा ठेकदारले आफुले कबोल गरेको कुल रकम ३ (तिन) किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता कुल अंकको ५० प्रतिसत रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ। दोस्रो किस्ता कुल अंकको ३० प्रतिसत रकम मंसिर मसान्त र तेस्रो किस्ता कुल अंकको २० प्रतिसत रकम चैत्र मसान्त भित्रमा बुझाउनु पर्नेछ। साथै यसरी किस्ताबन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कवोल गरेको अंकमा दोस्रो र तेस्रो किस्ताको रकम बराबरको जमानत वापत नेपाल राष्ट्रबैकवाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैकबाट सम्झौता अवधि सम्मको बैक ग्यारेन्टी सम्झौता गर्नु पुर्ब पेश गर्नुपर्नेछ।

१२. किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

१४. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

१५. नगरपालिकालाई रकम बुझाउनु पर्ने वा बाँकी वक्यौता भएका तथा कालो सूचीमा परेका व्यक्ति वा फर्महरुको बोलपत्र स्वीकार गरिने छैन ।

१६. ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्ने पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम १० प्रतिशत व्याज जोडी असूल उपर गरिने छ र त्यस्तो फर्मलाई कालो सूचीमा समेत राखिने छ ।

१७. ठेक्का सम्झौता अवधि नगरपालिका र ठेकेदार विच सम्झौता भए पश्चात लागु भई २०७७ जेठ मसान्त सम्म कायम रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत

१८) विरिङ्ग खोला क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमानै लिईने सडक सुधार शुल्क  सम्बन्धीत संकलन क्षेत्रमा मात्रै उठाउन पाइने छ ।

१९) सो खोला बाहेक अन्यबाट दुवानी गर्ने सवारी साधन तथा अन्य प्रयोजनमा प्रयोग हुने सवारी साधनबाट यो सडक सुधार शुल्क संकलन गर्न पाइने छैन ।

२०) सडक सुधार शुल्क उठाउन राजमार्ग तथा सडक क्षेत्रमा कुनै ढाट तथा अवरोध राख्न पाइने छैन ।

२१) कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारण बाट कुनै पनि छुट मिनाहा दावी गर्न पाइने छैन साथै त्यस्तो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन ।

२२)  शुल्क नगरपालिकाको आर्थिक ऐन २०७६ मा उल्लेख भएको दर भन्दा बढी उठाउन पाइने छैन । तोकिएको दर भन्दा बढी वा तोकिएका दुवानी साधन भन्दा अन्य सवारी साधनबाट उठाएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।

२३) सडक सुधार शुल्कको दर रेट सम्बन्धी विस्तृत विवरण बोलपत्र साथ संलग्न गरी उपलब्ध गराइनेछ ।

२४) ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।

२५) बोलपत्र मूल्याङ्कन गर्दा मूल्य अभिवृद्धी कर (VAT) सहित कबोल अंकलाई आधार लिइने छ।

२६) अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**